

# ३ परिवर्तनको निम्ति तयारी

***यस अध्यायका मूल पदहरू:*** **१ कोरन्थी १०:१-१३, उत्पत्ति २:२४, १ कोरन्थी १३:४-८, १ शमूएल १:२७, भजन ७१ र १ कोरन्थी १५:२४-२६।**

***यस अध्यायको मूल सार पद:*** **"धार्मिकताचाहिँ उहाँको अगिअगि जान्छ, र उहाँका पाइलाहरू हाम्रो निम्ति हिंड्ने बाटो बनाइनेछन्।" भजनसंग्रह ८५:१३ (रूपान्तरित)।**

हामीहरूको जीवन परिवर्तन नै परिवर्तनले भरिएको छ। प्रत्येक क्षण क्षणमा परिवर्तन भइरहन्छ। परिवर्तन आफै परिवर्तन हुँदैन अर्थात् परिवर्तन स्वत परिवर्तन हुँदैन। हामीहरूको जीवनको अस्तितत्व नै परिवर्तनमा भरपर्छ वा परिवर्तनको एक भाग हो। हामीहरूको प्रायजसो जीवन र प्रकृतिलाई बुन्ने तत्वहरू परिवर्तन भइरहन्छ भनेर भौतिक शास्त्रको नियमले सिकाउँछ।

प्रायजसो परिवर्तन अपेक्षा नगरेको समयमा आउँछ वा नसोचेकै समयमा परिवर्तन हुन जान्छ। हामी आफ्नो नियमित रूपमा चलिरहेका हुन्छौं तब अचानक केही कुरा बदलिन्छ जब कि हामी त्यसको लागि तयार भएका हुँदैनौं। अर्को पक्षमा हेर्ने हो भने परिवर्तन भइरहेको हामीहरूकै आँखाले हेरिरहन सक्छ। हामीलाई अघि नै चेतावनी दिएको हुन्छ कि केही समयमा अहिलेको भन्दा परिवर्तन हुनेछ, जस्तै मौसम, राजनैतिक उथलपुथल, प्राविधिक परिवर्तन आदि। जब ती परिवर्तनको सूचनाहरू हामी अघिबाट नै थाहा पाउँछौं तब हामी कुनै न कुनैरूपमा त्यसको निम्ति तयार हुन खोज्छौं। कतिपय अवस्थामा हामीले अगाडि नै थाहा पाउने परिवर्तनहरू ठूलो हुनसक्छन्: विवाह, सन्तान जन्माउने, बुढेसकाल र मृत्यु पनि।

त्यसको अर्थ हामीले जतिसुकै आफ्नै खुट्टामा उभिएका छौं र स्वतन्त्र छौं भनेर दावी गरेतापनि हामी परिवर्तनदेखि अलगिएर बस्न सक्दैनौं।

परिवर्तनले हाम्रो व्यक्तिगत जीवन होस् वा पारिवारिक जीवन होस् त्यो सानो होस् वा ठूलो  हामीहरूलाई असर पर्छ नै। हाम्रो परिवारमा हुने परिवर्तनले परिवारको प्रत्येक सदस्यलाई पनि असर पार्दछ।

यस अध्यायमा ढिलो होस् वा चाँडो होस् कुनै न कुनै किसिमबाट वा किसिममा आउने परिवर्तन हेर्नेछौं। ती परिवर्तनहरू प्रायजसो हामी सबैले सामना गरेका हुन्छौं र तिनीहरूले हामीहरूको परिवारलाई कसरी असर पार्दो रहेछ सो पनि नियाल्नेछौं।

## १. परिवर्तनको निम्ति तयार नभएको बेलामा

परमेश्वरको वचनमा एउटा उल्लेखनीय पक्ष छः त्यो हो मानव जीवनको वास्तिविकतालाई ढाकछोप गरिँदैन। बरु त्यसको बिपरित मानिसहरूको रूखो वा कठोर स्वभाव, अत्यन्त पीडा भोगिहेको समय, निराशको भूमरिको सामना गरिरहेको समयलाई खुलारुपमा उघारिदिएको पाइन्छ। अझ भन्ने हो भने बाइबलको प्रथम र दोस्रो अध्याय र अन्तिम केही अध्याय बाहेक मानव जातिको कहालिलाग्दो र नाजुक अवस्थाको चित्रण परमेश्वरको वचनले गर्दछ। जब पावलले यो वास्तविकतालाई व्यक्त गरे उनले बढाइचढाइ गरेका थिएनन् "सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३ रूपान्तरित)।

**१ कोरन्थी १०:१३मा परिवर्तनशील मानिसहरूको निम्ति चेतावनीहरू र प्रतिज्ञाहरू दिइएका छन्। हेर्नुहोस्ः "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, "मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।" ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र**

**सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। १२ यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। १३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"**

यथार्थमा भन्ने हो भने हाम्रा सबै क्रियाकलापहरू हामीहरूको परिवर्तनका प्रतिक्रियाहरू हुन्। भनाइको अर्थ हामीले सामना गरेका परिवर्तलाई कसरी सामना गरिरहेका छौं त्यो हामीहरूको कामले देखाउँछ। परिवर्तन निरन्तररूपमा भइरहेको कुरालाई हामीले सामना गर्दछौं। यदि परिवर्तनको धारमा **चल्न उपयुक्त छैन**भने वा त्यसमा फस्न चाहँदैनौं भने येशूलाई विश्वास गर्नेले विश्वाससाथ परमेश्वरमा भरपरेर उहाँको नीतिलाई पालन गर्न प्रतिवद्ध भएर बस्नु जरुरी छ। हामीले सामना गरेका परिवर्तनहरू परमेश्वरसम्मत छ कि छैन भनेर चनाखो भइरहनु प्रत्येक येशूभक्तको जिम्मेवारी हो।

"यस संसारको उत्कृष्ट वा सबैभन्दा ठूलो चाहना भनेको यस्ता मानिसहरूको खाँचो हो जो बेचिन र किन्न सकिन्दैन, ती मानिसहरू जसको भित्री हृदय वा अन्तरविवेकदेखि सत्यवादी र इमान्दारी छन्, ती मानिसहरू जसले पापलाई त्यसको उचित नाउँमा सम्बोधन गर्दछन्, ती मानिसहरू जसको विवेक कम्पासको सियो जस्तै आफ्नो काममा कर्तव्यनिष्ठ भएर बस्छन् र ती मानिसहरू चाहे आकाश नै किन नखसुन् जे ठिक छ त्यहीमा उभिन तयार हुन्छन्"-एलेन जी ह्वाइट, ५७बाट *एजुकेशन* रूपान्तरित। यहाँ एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना पौराणिक इस्राएलमा होस् वा उहाँको समकालीनमा होस् वा हामीहरूकै समयको लागि होस्, के समसामयिक वा सत्य छैन र?

**परिवर्तनको संघारमा आएर कतिपय बाइबलका पात्रहरूले गलत निर्णय गरेका थिए। देहायमा केही पात्रहरूको उदाहरण दिइएको छ जसले परिवर्तनको सामना गर्नुपर्दा गलत निर्णय गरेका थिए। कतिपय समयमा बाइबलका हस्ती**

पात्रहरूले गरेका निर्णयहरू गलत थिए। त्यही गलत निर्णय हामीले नदोहोऱ्याऔं भनेर तिनीहरूबाट हामीले के सिक्ने? हेर्नुहोस्: प्रेरित ५:१:१० " १ तर हननिया नाउँका कोही एक जना र तिनकी पत्नी सफीराले एक टुक्रा जमिन बेचे, २ र त्यसको मोलबाट तिनकी पत्नीकै जानकारीमा केही हिस्सा आफूसँग राखे, र केही हिस्सा ल्याएर प्रेरितहरूका चरणमा राखिदिए। ३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" ५ यो कुरा सुनेर हननिया भूइँमा लड़े र तिनले प्राण त्यागे। यो सुन्नेहरू सबैमाथि ठूलो डर छायो। ६ तब जवानहरूले उठेर तिनलाई लुगाले बेह्रे र बाहिर बोकी लगे, र गाडिदिए। ७ जे भइसकेको थियो सो थाहा नपाई प्रायः तीन घण्टापछि तिनकी पत्नी पनि भित्र आई। ८ पत्रुसले त्यसलाई सोधे, "मलाई भन, तिमीहरूले जमिन त्यत्तिमै बेचेका हौ?" अनि त्यसले भनी, "ज्यू, त्यत्तिमै।" ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।" १० अनि तुरुन्तै त्यो उनका पाउनेर लड़ी र प्राण त्याग गरी। जब जवानहरू भित्र आए, त्यसलाई मरिसकेकी देखेर बाहिर बोकेर लगे, र त्यसको पतिको नजिकमा गाडिदिए।", उत्पत्ति १६:१-६ " १ आफ्नी पत्नी साराईबाट अब्रामको कोही सन्तान भएको थिएन। तर हागार नाउँ भएकी तिनकी एक मिश्री कमारी थिई। २ साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।" अब्रामले साराईको कुरा माने। ३ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन्। ४ अनि तिनी हागारकहाँ गए, र त्यो गर्भवती भई। जब त्यसले "म गर्भवती भएछु" भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागी। ५ साराईले अब्रामलाई भनिन्, "ममाथिको अन्याय तपाईंकै शिरमाथि परोस्। मैले आफ्नी कमारी तपाईंकै काखमा दिएँ, र त्यो गर्भवती हुने बित्तिकै मलाई तुच्छ दृष्टिले हेर्न लागी। परमप्रभुले तपाईं र मेरो बीचमा इन्साफ

गरिदिऊन्।” ६ तर अब्रामले साराईलाई भने, “हेर, तिम्री कमारी तिम्रै हातमा छे। त्यसलाई जे गर्न मन लाग्छ त्यही गर।” तब साराईले त्यससित कठोर व्यवहार गर्न लागिन्, र त्यो तिनको सामुन्नेबाट भागेर गई।" र मत्ती २०:२०-२८ " २० तब जब्दियाका छोराहरूकी आमाले आफ्ना छोराहरूलाई साथमा लिई उहाँको सामुन्ने घुँड़ा टेकी उहाँसँग बिन्ती गरिन्। २१ उहाँले तिनलाई सोध्नुभयो, “तिमी के चाहन्छ्यौ?” तिनले उहाँलाई भनिन्, “आज्ञा गर्नुहोस् र तपाईंको राज्यमा, मेरा यी दुई छोराहरूमध्ये एउटा तपाईंको दाहिने हातपट्टि, र अर्को तपाईंको देब्रे हातपट्टि बस्न पाऊन्।” २२ तर येशूले जवाफ दिनुभयो, “तिमीहरू के मागिरहेछौ सो जान्दैनौ। जुन कचौरा मैले पिउन लागेको छु, के त्यो तिमीहरू पिउन सक्छौ?” तिनीहरूले भने, “सक्छौं।” २३ उहाँले भन्नुभयो, “मेरो कचौरा तिमीहरू पिउनेछौ, तर मेरो दाहिने र देब्रेपट्टि बस्न दिने कुरो मेरो हातमा छैन। यी स्थान तिनीहरूका हुन्, जसका निम्ति मेरा पिताले तयार गरिसक्नुभएको छ।” २४ यो सुनेर दशै जना ती दुई भाइसँग रुष्ट भए। २५ तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, “तिमीहरूलाई थाहा नै छ, कि अन्यजातिका शासकहरूले तिनीहरूमाथि निरङ्कुश शासन गर्दछन्, र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन्। २६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। २७ जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, २८ जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।” (परिवर्तनको सामना गर्नुपर्दा येशूको जस्तो मनस्थिति हुनु अनिवार्य छ)।

यो संसार परिवर्तनशील छ र परिवर्तन भइरहन्छ। ती परिवर्तनले प्रायजसो प्रलोभन, चुनौति र कतिपय समयमा त्रास पनि ल्याउँदछन्। यसकारण जुनसुकै परिवर्तनको मामिलामा उचितरुपमा त्यसलाई सामना गर्न र जेभएतापनि जे ठिक छ त्यसलाई रोज्न हामीमा आत्मिक हतियारहरू भिंड्न अत्यन्तै आवश्यक छ। चाहे हामीले अपेक्षा नगरेका परिवर्तनहरू होस् वा दैनिक जीवनको भाग नै किन नहोस् चाहे देखिन होस् वा चाहे नदेखिने होस्, जे आउँछ त्यसको सामना गर्न हामी हरदम तयार हुनुपर्दछ।

## २. विवाहको निम्ति तयारी

जब कसैले विवाह गर्छ तब चाहे स्त्री होस् वा पुरुष होस् उसमा भारी परिवर्तन आउँछ। यस संसारमा जन्मेका सबै मानिसहरूले विवाह गर्नैपर्छ भन्ने छैन। हाम्रो अत्यन्तै अनुकरणीय उदाहरण येशूले विवाह गर्नुभएको थिएन न त बाइबलका धेरै पात्रहरूले कहिल्यै विवाह गरेका थिए।

यद्यपि, धेरै मानिसहरूले विवाह गर्छन्। कोही मानिसले परमेश्वरप्रति अगाध भक्ति राखेको खण्डमा विवाह गर्नुपर्दैन भनेर बाइबलले भन्दैन। वैवाहिक जीवनले मानिसको जीवनमा धेरै परिवर्तन ल्याउँछ भन्ने कुरामा बाइबल मौन छैन।

सब भन्दा पहिलो सामाजिक व्यवस्थापनको बारेमा बाइबलले गरेको उल्लेखमा बिवाह नै थियो। मानवप्राणीको निम्ति विवाह अत्यन्तै महत्त्वपूर्ण भएको परमेश्वरलेठान्नुभएको छ। जब आदम र हव्वा एक सुत्रमा बाँधिए र परमेतश्वरले तिनीहरूको निम्ति जे बोल्नुभयो सो वाक्य बाइबलमा चार ठाउँमा उल्लेख गरिएको पाइन्छ। त्यसकारण जब स्त्री र पुरुष विवाहको सुत्रमा बाँधिन्छन् तब "पुरुषले उसको आमाबाबुलाई छोड्छ र आफ्नी श्रीमतीसँग टाँसिएर बस्दछ। अर्थात तिनीहरू दुई शरीर होइन तर एकै शरीर भएको ठहर्दछ" (उत्पत्ति २:२४, मत्ती १८:५, मर्कूस १०:७ र एफिसी ५:३१ रूपान्तरित)। जब स्त्री र पुरुषको विवाह हुन्छ तब तिनीहरूको बीचमा यस्तो गाढा सम्बन्ध हुनुपर्छ कि तिनीहरूको बीचमा अरू त के तिनीहरूको बाबुआमा पनि आउन सक्दैनन्। विवाह गरेपछि दम्पतीको बीचमा आमा वा बाबु वा अरू कुनैले पनि हस्तक्षेप गर्न किन हुन्न भनेर बाइबलले धेरै कारणहरू दिएका छन्। तर तिनीहरूमध्ये परमेश्वरको निम्ति अत्यन्तै महत्त्वपूर्ण कारणचाहिँ वैवाहिक जीवनले परमेश्वर, उहाँको पुत्र र उहाँको दुलहीको रूपमा भएको चर्चसँगको गाढा सम्बन्धको चित्रण गर्दछ।

कसैले भौतिक घर निर्माण गर्छ भने त्यो घर निर्माण गर्न कति लाग्छ त्यसको हिसाब गर्नु जरुरी छ (यो येशूले भन्नुभएको थियो, लूका १४:२८-२०)। यदि त्यो हो भने घरगृहस्थी स्थापना गर्न झन कतिको ध्यान पुऱ्याउनुपर्छ सो अत्यन्त सोचनीय कुरो हो। घर निर्माण गर्न त्यसमा बालुवा, सिमेन्ट, ढुङ्गा, इटाँ, काठ, फलाम, तार, सिसा, पानी आदि चाहिन्छ। तर परिवारको स्थापनामा ती सबै हुनुपर्छ भन्ने छैन।

**जीवनका सबै पक्षहरूमा धेरै निर्णायक स्वभाव, आनीबानी वा चरित्रको आवश्यकतापर्छ। तर विवाह गर्छु भनेर सोचिरहेका व्यक्तिहरूमा हुनुपर्ने झन महत्त्वपूर्ण गुण वा स्वभावहरू के के हुन्? हेर्नुहोस्: १ कोरन्थी १३:४-८ "४ प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। ५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। ६ प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ।**

**८ प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ।" र गलाती ५:२२-२४ "२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्।"**

विवाहको तयारी कसैको करकापमा नभएर प्रत्येक व्यक्तिले व्यक्तिगतरुपमा तयार गर्नुपर्छ। फेरि त्यसै वखत हामीले हेर्ने भविष्यकी दुलही दुलहासँग प्रतिस्पर्धा गर्ने नभएर एक आपसमा पूरक भएर चल्ने हुनुपर्दछ। जोडीको बीचमा तँछाडमछाडको मनस्थिति होइन तर हातेमालो गरेर चल्ने चाहना गर्नुपर्छ। हुनेवाला दुलहा वा दुलहीको बाइबलले अरू केही गुणहरू कोट्याउँछन्: के तिनीहरू परिश्रमी छन्? (हितोपदेश २४:३०-३४ "३० म एउटा अल्छेको खेततिरबाट गएँ, एउटा समझ नभएको मानिसको दाखबारीबाट भएर गएँ, ३१ चारैतिर काँढ़ाहरू उम्रेका थिए, झारैझारले खेत ढाकिएको थियो, अनि ढुङ्गाको पर्खाल उजाड भएको थियो। ३२ मैले अवलोकन गरेका कुराहरूलाई हृदयमा विचार गरें, र मैले देखेका कुराहरूबाट एक शिक्षा सिकें। ३३ क्षणभरको सुताइ र क्षणभरको उँघाइले, हात बाँधेर क्षणभरको आराम गराइले, ३४ दरिद्रता तँमाथि डाँकूझैं र अभावचाहिँ सशस्त्र मानिसझैं आइलाग्नेछ।", के तिनीहरू झट्ट रिसाउने र कुरा गर्दा झर्किएर कुरा गर्छन्? (हितोपदेश २२:२४ "गरम मिजासको मानिसलाई मित्र नबना (अर्थात् विवाह नगर), सितिमिति रिसाउने मानिससँग सङ्गत नगर्।", के तिनीहरूमा समान वा साझा विश्वास वा धर्म छन् (२ कोरन्थी ६:१४,१५ "१४ अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा

अँध्यारोसँग उज्यालोको के सहभागिता? १५ ख्रीष्टको बेलिआलसँग के सरोकार? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता? " मेरा भविष्यको जीवनसंगीको बारेमा मेरा परिवार र मलाई भलो चिताउने मित्रहरूको के धारणा छ? (हितोपदेश ११:१४ "पथप्रदर्शनको अभावले देशको पतन हुन्छ, तर धेरै सल्लाहकारहरूको कारण विजय निश्चित हुन्छ।", जब म विवाहको बारेमा सोच्छु के म केवल भावनामामात्र भर परिरहेको छु कि परमेश्वरमाथिको विश्वासमा पनि? (हितोपदेश ३:५-८ "५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्नु र तिम्रो आफ्नै समझशक्तिमा भर नपर्नु ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झ, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। ७ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। ८ यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ। माथिका केही प्रश्नहरूको उत्तरमा तपाईंको जीवन कि त सुखमय वा दुःखमय हुनसक्छ।

**तपाईंले कुनै यस्ता परिवारहरू देख्नुभएको छ जो पति र पत्नीको बीचमा अत्यन्तै सौहार्द, मिलनसार सम्बन्ध भएको पाइन्छ? पारस्परिक सम्बन्धलाई बलियो राख्न अरू के के स्वभाव वा नीतिहरू ती परिवारमा तपाईंले पाउनुभएको छ?**

## ३. बाबुआमा हुन तयारी गर्नुपर्ने गुणहरू

जब हामीहरूको परिवारमा कुनै बालकको जन्म हुन्छ तब पारिवारिक जीवनमा त्यसले ल्याउने परिवर्तन अरूभन्दा धेरै गहन हुनसक्छ। जब बालकको जन्म हुन्छ तब परिवार फेरि पहिलाको जस्तो कहिल्यै हुन सक्दैन।

परमेश्वरको वचनले यस मामिलामा यसरी व्यक्त गरिएको छ "३ छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोरा-छोरीहरू उहाँका इनाम हुन्। ४ योद्धाको हातमा भएका वाणहरूझैं, युवावस्थामा जन्मेका छोराहरू हुन्छन्, ५ त्यो मानिस धन्यको हो, जसको ठोक्रो ( बाण हालेर पिठिउँमा भिर्ने ढुङ्ग्रो) भरिएको हुन्छ। मूल ढोकामा आफ्ना शत्रुहरूको सामना गर्नुपर्दा, तिनीहरू शर्ममा पर्नेछैनन्।" भजनसंग्रह १२७:३-५ (रूपान्तरित)।

फेरि त्यसैवखत बालबालिकहरू जन्मिन्दा तिनीहरूको हातमा तिनीहरूलाई कसरी स्याहार, संभार र रक्षा गर्ने साथै समस्या भएको बेलामा कसरी सम्हाल्ने भनेर लेखिएको हातेपुस्तक लिएर आउँदैनन्। हामीले कुनै पनि

यन्त्रहरू किन्दा जस्तै कम्प्युटर, मोबाइल वा टेलिभिजन तिनीहरूको साथमा तिनीहरूलाई कसरी प्रयोग गर्ने भनेर हाते पुस्तक वा म्यानयुल पनि आउँछ। तिनीहरूमा केही समस्या पर्‍यो भने किनेको कम्पनीमा वा मर्मत गर्ने ठाउँमा लग्छौं। तर बालबालिकाहरूको मामिलामा त्यो हुँदैन। जे परिआउँछ त्यसलाई सम्हाल्ने बाबुआमाको हातमा हुन्छ। जतिसुकै अनुभवि बाबुआमा किन नहुन्, बेलाबखतमा तिनीहरूका बालबालिकाहरूका क्रियाकलाप, बोलीवचन, आनिबानी र सोच्ने दिमागले, तिनीहरूलाई जिल्ल पार्दछ र चक्करमा पार्दछ।

यदि कोही विवाहको निम्ति सोच्दछ त्यसको बारेमा बडो सोच गर्नुपर्छ भनेर महसुस गर्नुपर्छ भने विवाह पछि तिनीहरू बाबुआमा पनि हुन जान्छन् भन्ने कुरालाई ख्याल गर्नुपर्छ। त्यसको अर्थ छोराछोरी हुर्काउने जस्ता चुनौतिपूर्ण जिम्मेवारीको निम्ति पनि तयारी हुनुपर्दछ।

**देहायका कथाहरूमा केही जन्मका विवरणहरू दिइएका छन्। प्रत्येक जन्मको कथामा आआफ्नै विशेषता छन्। तैपनि ती जन्मका कहानीका नीतिहरूबाट बाबुआमा हुन तयारी गरिरहेका दम्पतीले के सिक्न सक्छन्? हेर्नुहोस्ः १ शमूएल १:१९-२८ "१९ भोलिपल्ट तिनीहरू बिहानै उठे, र परमप्रभुलाई दण्डवत् गरेर आफ्नो घर रामामा फर्के। आफ्नी पत्नी हन्नाहसित एल्कानाको सहवास भयो, र परमप्रभुले हन्नाहलाई सम्झनुभयो। २० हन्नाह गर्भवती भइन्, र बेला पुगेपछि तिनले एउटा छोरो जन्माइन्। तिनले त्यसको नाउँ शमूएल राखिन्, किनभने "मैले त्यसलाई परमप्रभुसँग मागेकी हुँ" भनी तिनी भन्थिन्। २१ जब वार्षिक बलिदान चढ़ाउन र आफूले गरेको भाकल पूरा गर्नलाई एल्काना आफ्ना जम्मै परिवारसँग माथि उक्लेर गए, २२ हन्नाह तिनीहरूसँग गइनन्। तिनले आफ्नो लोग्नेलाई भनिन्, "जब बालकले दूध खान छोड्छ तब त्यसलाई लिएर परमप्रभुको उपस्थितिमा त्यसलाई हाजिर गराउनलाई म जानेछु, र त्यो सधैंभरि नै त्यहीं रहनेछ।" २३ तिनका लोग्ने एल्कानाले तिनलाई भने, "तिमीलाई जे असल लाग्छ त्यही गर। त्यसले दूध नछोड़ेसम्म घरमै बस। केवल परमप्रभु आफ्नो वचन पूरा गरून्।" यसैले ती स्त्री घरैमा बसिन्, र दूध नछोड़ेसम्म त्यस बालकलाई हुर्काइन्। २४ जब तिनले दूध छोड़ाइन् तब तिनले त्यसलाई आफूसित लगिन्। तिनले आफ्नो साथमा एउटा तीन वर्षे साँढ़, पाँच पाथी पीठो र एक मशक दाखमद्य लिएर त्यो बालक सानै भए तापनि त्यसलाई शीलोमा परमप्रभुको भवनमा ल्याइन्। २५ उनीहरूले त्यस साँढ़लाई मारेर त्यस ठिटालाई एलीकहाँ ल्याए। २६ हन्नाहले उनलाई भनिन्,**

“हजूर, तपाईंको जीवनको शपथ खाएर म भन्दछु कि म त्यही स्त्री हुँ, जो परमप्रभुसँग प्रार्थना गर्दै तपाईंको छेउमा यहाँ उभिएकी थिईं। २७ यही बालकको निम्ति मैले प्रार्थना गरेकी थिएँ, अनि मैले मागेको कुरा परमप्रभुले मलाई दिनुभयो। २८ अब यसलाई परमप्रभुकहाँ नै म अर्पण गर्दछु। त्यसको जीवनभरि नै त्यो परमप्रभुमा अर्पण गरिएको हुनेछ।” अनि तिनीहरूले त्यहाँ परमप्रभुको आराधना गरे।, न्यायकर्ता १३:१-७ "१ फेरि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो त्यही गरे, र उहाँले तिनीहरूलाई चालीस वर्षसम्म पलिश्तीहरूका हातमा सुम्पिदिनुभयो। २ दानको कुलका सोरामा बस्ने एक जना मानिस थिए, जसको नाउँ मानोह थियो, र जसकी पत्नी
बाँझी थिइन्, र तिनको कोही छोराछोरी थिएन। ३ परमप्रभुका दूत ती स्त्रीकहाँ देखा परेर तिनलाई भने, “तिमी बाँझी छौ र तिम्रो कोही छोराछोरी छैन, तर तिमी गर्भवती हुनेछौ र एउटा छोरा जन्माउनेछौ। <u>४ अब मैले भनेझैं तिमीले गर्नू, होशियार होऊ, दाखमद्य वा अरू मत्ताएको मद्य नपिउनू, र कुनै अशुद्ध भोजन नखानू, ५ किनभने तिमी गर्भवती हुनेछौ र एउटा छोरा जन्माउनेछौ</u>। <u>त्यसको कपालमा छुरा नलागोस्, किनभने त्यो बालक जन्मेको दिनदेखि नै परमेश्वरको निम्ति अलग गरिएको एक नाजिरी हुनेछ। त्यसले नै इस्राएललाई पलिश्तीहरूका हातबाट छुटाउन सुरु गर्नेछ</u>।”

६ ती स्त्री गएर आफ्ना लोग्नेलाई यसो भनेर बताइदिइन्, “परमेश्वरका एक जना मानिस मकहाँ आए। तिनको मोहड़ा परमेश्वरका दूतको झैं थियो, र हेर्नमा अति भययोग्य थियो। तिनी कहाँबाट आएका हुन् भनी मैले तिनलाई सोधिनँ, र तिनले पनि मलाई आफ्नो नाउँ बताएनन्। <u>७ तर तिनले मलाई भने, ‘तिमी गर्भवती हुनेछौ र एउटा छोरा जन्माउनेछौ। आजदेखि उसो तिमीले दाखमद्य वा अरू मत्ताएको मद्य नपिउनू र अशुद्ध भोजन नखानू, किनभने त्यो केटो जन्मेको दिनदेखि मर्ने दिनसम्मै परमेश्वरको निम्ति अलग गरिएको नाजिरी हुनेछ’।”</u> लूका १ "१ हाम्रा माझमा घटेर पूरा भएका घटनाहरूको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन्। २ तिनीहरू जो सुरुदेखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरू थिए, तिनीहरूले यी कुरा हामीलाई सुम्पिदिए। ३ माननीय थियोफिलस, मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति क्रमैअनुसारको एउटा विवरण लेख्न मलाई असल लाग्यो, ४ ताकि तपाईंलाई बताइएका विषयहरूको सत्यता तपाईंलाई थाहा होस्।

५ यहूदियाका राजा, हेरोदको पालोमा, अबियाका दलका जकरिया नाउँ
भएका एक जना पूजाहारी थिए। तिनकी पत्नी हारून-वंशकी थिइन्। तिनको
नाउँ एलीशिबा थियो। ६ ती दुवै परमेश्वरको सामुन्ने धर्मी थिए, र परमप्रभुका
सबै आज्ञा र धार्मिक-विधानहरूमा निर्दोष भई हिँड्थे। ७ तर तिनीहरूको कोही
सन्तान थिएन, किनभने एलीशिबा बाँझी थिइन्, र ती दुवैको उमेर ढल्किसकेको
थियो। ८ जब जकरिया परमेश्वरको सामुन्ने आफ्ना दलको पालोमा पूजाहारी
काम गरिरहेका थिए, ९ तब पूजाहारीका सेवाको रीतअनुसार चिट्ठा हाल्दा
परमप्रभुको मन्दिरभित्र पसेर धूप बाल्ने काम जकरियालाई पऱ्यो। १० धूप
बाल्ने बेलामा मानिसहरूको सारा भीड बाहिर प्रार्थना गरिरहेको थियो।

११ परमप्रभुका एक जना स्वर्गदूत धूप-वेदीको दाहिनेपट्टि उभिरहेका
देखा परे। १२ जकरिया तिनलाई देखेर आत्तिए, र भयभीत भए। १३ तर दूतले
तिनलाई भने, "नडराऊ जकरिया, किनभने तिम्रो प्रार्थनाको सुनाइ भएको छ। अब
तिम्री पत्नी एलीशिबाले तिम्रो निम्ति एउटा छोरो जन्माउनेछिन्, र तिमीले तिनको
नाउँ यूहन्ना राख्नू। १४ तिमीलाई रमाहट र आनन्द हुनेछ, र धेरै जना तिनको
जन्ममा रमाउनेछन्। १५ किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्।
तिनले दाखमद्य र अरू कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र आफ्नी आमाको
गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्। १६ तिनले इस्राएलका
सन्तानहरूमा धेरैलाई तिनीहरूका परमप्रभु परमेश्वरतिर फर्काउनेछन्। १७
बाबुहरूका मन छोरा-छोरीहरूतिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर
फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि
तिनी एलियाको आत्मा र शक्तिमा जानेछन्।" १८ तब जकरियाले दूतलाई भने,
"यो मैले कसरी जान्ने? म बूढ़ो भएँ र मेरी पत्नीको उमेर पनि ढल्किसकेको
छ।" १९ स्वर्गदूतले तिनलाई भने, "म गब्रिएल हुँ, म परमेश्वरको सामुन्ने
उभिरहन्छु। तिमीसँग कुरा गर्न र यो खुशीको समाचार सुनाउन म पठाइएको
हुँ। २० जुन दिनसम्म यी कुरा पूरा हुँदैनन्, तबसम्म तिमी गूँगो हुनेछौ र बोल्न
सक्नेछैनौ, किनभने तिमीले मेरा वचनमाथि विश्वास गरेनौ, जुन वचन आफ्नो
समयमा पूरा हुनेछन्।" २१ मानिसहरू जकरियालाई पर्खिरहेका थिए र
मन्दिरमा ढिलो गर्दा चकित भए। २२ तिनी बाहिर निस्केर आउँदा उनीहरूसँग
बोल्नै सकेनन् र तिनले मन्दिरमा दर्शन देखेछन् भन्ने उनीहरूले बुझे। तिनले
उनीहरूलाई इशारा गर्न लागे, अनि तिनी गूँगो भइरहे।

२३ तिनको सेवाका दिन समाप्त भएपछि तिनी आफ्नो घर गए। २४
यसपछि तिनकी पत्नी एलीशिबा गर्भवती भइन्, र पाँच महिनासम्म लुकेर बसिन्
र यसो भनिन्, २५ "मानिसहरूका बीचमा मेरो कलङ्क हटाउनलाई अब परमप्रभुले
ममाथि यसरी कृपा गर्नुभएको हो।" २६ छैटौं महिनामा परमेश्वरले गब्रिएल
स्वर्गदूतलाई गालीलको नासरत नाउँको सहरमा पठाउनुभयो। २७ तिनी एउटी
कन्ये-केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एक जना
मानिससँग भएको थियो। त्यस कन्याको नाउँ मरियम थियो। २८ स्वर्गदूतले
तिनीकहाँ गएर भने, "हे कृपा-पात्र, तिमीलाई अभिवादन! परमप्रभु तिमीसँग
हुनुहुन्छ।" २९ तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो
किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन्। ३० स्वर्गदूतले तिनलाई
भने, "नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। ३१
अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले
उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र
कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन
दिनुहुनेछ। ३३ उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको
राज्यको अन्त्य हुनेछैन।" ३४ मरियमले स्वर्गदूतलाई भनिन्, "यो कसरी हुन
सक्छ, किनकि म एक कन्या हुँ।" ३५ स्वर्गदूतले तिनलाई जवाफ दिएर भने,
"पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छाया तिमीमाथि
पर्नेछ। यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र, अर्थात् परमेश्वरका पुत्र
कहलाइनुहुनेछ। ३६ हेर, तिम्री नातेदार एलीशिबाले पनि तिनको वृद्धावस्थामा
छोरो गर्भधारण गरेकी छिन्, र जो बाँझी कहलाइएकी थिइन्, तिनी अहिले छैटौं
महिनामा छिन्। ३७ किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन।"
३८ अनि मरियमले भनिन्, "हेर्नुहोस्, म परमप्रभुकी दासी, मलाई तपाईंको
वचनअनुसार होस्।" तब स्वर्गदूत तिनीबाट बिदा भए। ३९ ती दिनमा मरियम
आतुरीसँग पहाड़तर्फ यहूदियाको एउटा गाउँमा गइन्, ४० र जकरियाको घरमा
पसेर एलीशिबालाई अभिवादन गरिन्। ४१ जब एलीशिबाले मरियमको
अभिवादन सुनिन् तब तिनको गर्भमा बालक उफ्र्यो, र एलीशिबा पवित्र आत्माले
भरिपूर्ण भइन्, ४२ र एलीशिबाले चर्को सोरले भनिन्, "स्त्रीहरूमा तिमी धन्यकी
हौ, र तिम्रो गर्भको फल धन्यको हो। ४३ ममाथि कसरी यस्तो कृपा भयो कि
मेरा प्रभुकी आमा मकहाँ आइन्। ४४ किनभने हेर, तिम्रो अभिवादन मेरो
कानमा पर्ने बित्तिकै बालक मेरो गर्भमा आनन्दले उफ्र्यो। ४५ तिनी धन्यकी

हुन्, जसले परमप्रभुले तिनलाई भन्नुभएको कुरा पूरा हुनेछ भनी विश्वास
गरिन्।" ४६ अनि मरियमले भनिन्, "मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ,
४७ र मेरो आत्मा मेरा मुक्तिदाता परमेश्वरमा रमाहट गर्दछ। ४८ किनकि
उहाँले आफ्नी दासीको दीनतामा कृपा-दृष्टि गर्नुभएको छ, हेर, अब उप्रान्त सबै
पुस्ताले मलाई धन्यकी भन्नेछन्। ४९ किनभने उहाँ, जो शक्तिशाली हुनुहुन्छ,
उहाँले मेरो निम्ति महान् काम गर्नुभएको छ। उहाँको नाउँ पवित्र छ।

५० उहाँको भय मान्नेहरूमाथि उहाँको कृपा पुस्तादेखि पुस्तासम्म
रहनेछ। ५१ उहाँले आफ्नो बाहुलीको सामर्थ्य प्रकट गर्नुभएको छ। उहाँले
मनभित्रको कल्पनामा घमण्ड गर्नेहरूलाई छरपष्ट पार्नुभएको छ। ५२ उहाँले
शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई
उचाल्नुभएको छ। ५३ भोकाएकाहरूलाई उहाँले असल चीजहरूले तृप्त
पार्नुभएको छ, र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ। ५४ उहाँले
आफ्नो कृपा स्मरण गरेर आफ्नो सेवक इस्राएललाई सहायता दिनुभएको छ,
५५ र हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं, अब्राहाम र उनको भावी सन्तानलाई
सदाकालको निम्ति दया देखाउनुभएको छ।" ५६ मरियम तिनीसँग प्रायः तीन
महिना बसेर आफ्नो घर फर्किन्। ५७ अब एलीशिबाको सुत्केरी हुने बेला
आयो, र तिनले एउटा छोरो जन्माइन्। ५८ परमप्रभुले तिनीमाथि उहाँको ठूलो
अनुग्रह देखाउनुभएको छ भन्ने सुनेर तिनका छिमेकीहरू र नातेदारहरू तिनीसँग
रमाए। ५९ आठौं दिनमा तिनीहरू बालकलाई खतना गर्न आए, र त्यसको नाउँ
त्यसका बाबुको नाउँजस्तै जकरिया राख्न लागेका थिए, ६० तर त्यसकी आमाले
भनिन्, "होइन, त्यसको नाउँ यूहन्ना राखिनेछ।" ६१ तिनीहरूले तिनलाई भने,
"तिम्रा नातेदारमा यस्तो नाउँ भएको कोही छैन।" ६२ तब तिनीहरूले त्यसका
बाबुलाई इशारा गरी सोधे "तिमी यसको नाउँ के राख्न चाहन्छौ?" ६३ तिनले
एउटा लेख्ने पाटी मगाएर "त्यसको नाउँ यूहन्ना हो" भनेर लेखिदिए। तिनीहरू
सबै छक्क परे। ६४ तुरुन्तै तिनको मुख खुल्यो र तिनको वाक्य फुट्यो र
तिनी परमेश्वरको प्रशंसा गर्न लागे। ६५ तिनीहरूका सबै छिमेकीमा डर
छायो। यहूदियाको जम्मै पहाडी मुलुकभरि यस घटनाको चर्चा फैलियो। ६६
यी कुरा सुन्नेहरू सबैले यो बालक पछि कस्तो हुन्छ होला भनी आफ्ना मनमा
गुने। किनकि परमप्रभुको बाहुली त्यसमाथि थियो। ६७ त्यसका बुबा जकरिया
आत्माले भरिएर अगमवाणी बोल्न लागे, ६८ "इस्राएलका परमप्रभु, परमेश्वरको
प्रशंसा होस्, किनभने उहाँ आउनुभएको छ, र आफ्ना मानिसहरूलाई उद्धार

**दिनुभएको छ! ६९ उहाँले हाम्रा निम्ति आफ्ना दास दाऊदको वंशमा एक शक्तिशाली मुक्तिदाता खड़ा गर्नुभएको छ, ७० जसरी उहाँले प्राचीन कालदेखि नै आफ्ना पवित्र अगमवक्ताहरूका मुखद्वारा बोल्नुभयो, ७१ कि हाम्रा शत्रुहरूबाट र हामीलाई घृणा गर्नेहरू सबैका हातबाट हामी उद्धार पाऔं ७२ उहाँले हाम्रा पुर्खाहरूलाई कृपा देखाउनलाई, र आफ्नो पवित्र करार स्मरण गर्नलाई, ७३ जुन शपथ उहाँले हाम्रा पुर्खा अब्राहामसँग खानुभएको थियो, ७४ कि हामी हाम्रा शत्रुहरूका हातबाट मुक्त होऔं, र निर्भयतासाथ ७५ हाम्रा समस्त जीवनभरि पवित्रता र धार्मिकतामा उहाँको सामुन्ने उहाँको सेवा गर्न पाऔं। ७६ हे बालक, तिमी सर्वोच्चका अगमवक्ता कहलाइनेछौ, किनकि तिमी प्रभुको अगिअगि उहाँको मार्ग तयार पार्न जानेछौ, ७७ उहाँको जातिलाई पाप-क्षमाद्वारा मुक्तिको ज्ञान प्रदान गर्नलाई, ७८ हाम्रा परमेश्वरका कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ, ७९ र अन्धकार र मृत्युको छायामा बस्नेहरूलाई ज्योति मिल्नेछ, र हाम्रा पाउ शान्तिको बाटोतिर डोऱ्याइनेछन्। ८० अनि बालक यूहन्ना बढ्दै र आत्मामा बलिया हुँदैगए, र इस्राएलीहरूकहाँ खुला रूपमा देखा नपरुञ्जेल तिनी उजाड-स्थानमा नै बसे।" "**

माथि उल्लेख गरिएका बाबुआमाहरूमा जब आफ्ना बालकहरू जन्माए तब तिनीहरूले आफूहरूलाई परमेश्वरले सम्मान गर्नुभएको महसुस गरेका थिए। तिनीहरू बाबुआमा हुने अभिभारालाई बोझ नठानेर आदरणीय अवसरको रुपमा ठानेका थिए। तीनजना बाबुआमाचाहिँ इस्राएलका भविष्यका अगमवक्ता र अगुवाहरू हुन् भने एक जना प्रतिज्ञा गरिएका मसीहको निम्ति बाटो तयार पार्ने व्यक्ति, र अर्कोचाहिँ येशू ख्रीष्ट नै।

हो, हाम्रा छोराछोरीहरू बाइबलका भविष्यवक्ता वा अगुवाहरू हुन जन्मिएका हुँदैनन्। तैपनि जब कसैको विवाह हुन्छ र बाबुआमाको भूमिका निर्बाह गर्छन् तब तिनीहरूले तिनीहरूको जीवनमा भारि परिवर्तन हुने अपेक्षा गर्नैपर्छ।

"बालक वा बालिका जन्मनुभन्दा पहिले बाबुआमाहरूले यस्तो तयार गर्नुपर्छ कि जन्मिने बालक वा बालिकाले दुष्ट वा खराब वातावरणसँग सफलतासँग भिँड्न सकोस्। यदि बालक वा बालिका गर्भमा भएको बेलामा पनि आमा आफ्नो भोगबिलाससमामात्र लाग्ने, स्वार्थी, अधैर्यी, कठोर, ढिपी वा जिद्दी गर्ने बानी, रिसाहा जस्ता नकारात्मक बानीव्यहोरा छ भने जन्मिने बालक वा बालिकामा पनि त्यस्तै खालका स्वभावहरूको विकास हुन्छ अर्थात् ती

स्वभावहरूलाई निकाल्दछन्। त्यसले गर्दा धेरै बालबालिकाले दुष्ट काम गर्ने चरित्र नै आफूले पाएको जन्मसिद्ध अधिकार भन्ने प्रवृत्तिलाई पोषाउँछन्।"- एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. २५६बाट रूपान्तरित।

**चाहे हामीले जन्माएका छोराछोरीहरूप्रति होस् वा अरूका छोराछोरीहरूप्रति होस् वा अरूतिर नै किननहोस् हामीहरूले परमेश्वरको चाहना अनुसार अभिभावक हौं भनेर देखाउने जिम्मेवारीमा कस्ता खालका नीतिहरू अपनाउनुपर्छ वा हामीहरूमा बाबुआमा वा अभिभावकमा हुनुपर्ने केही गुण वा स्वभावहरू के के हुन्? सोच्नुहोस्।**

## ४. बुढेस कालको निम्ति तयारी

"१० हामी जम्मा सत्तरी वर्षसम्म जिउँछौं– बढीमा असी वर्षसम्म होला; तर तिनीहरूले हामीलाई कष्ट र अफसोच मात्र ल्याउँछन्, जीवन चाँडो बितिजाँदछ र हामी उडिसकेका हुन्छौं।...१२ हामीलाई सिकाउनुहोस् कि हाम्रो जीवन कति छोटो छ र हामी बुद्धिमान् बन्न सकौं।" (भजन ९०:१०,१२ रूपान्तरित)। मोशाले लेखेको यो भजन ९० लेखिएको हो। यस भजन ९०:१०,१२को अनुसार हामीहरूको आयु लम्बिएको चाहेतापनि समयको कठोर गतिले गर्दा छोटो आयुमै चित्त बुझाउन हामीलाई वाध्यता पारिएको छ। जब हामी हुर्किन्छौं र वृद्ध अवस्थामा लम्कन्छौं तब हामीहरूको शरीरमा परिवर्तन आइरहेको अनुभव गर्दछौं। हामीहरूको कपाल फूल्न वा झर्न थाल्दछ। युवा अवस्थामा भएको जोश र जाँगर मन्द हुँदै जान्छ। अनि यता दुखाई उता दुखाइ, निन्द्रा नलाग्ने, भोक लाग्ने वा नलाग्ने यो रोग ऊ रोग आदि त हामीहरूको साथी नै बन्न गइरहेको हुन्छ। यदि हामी विवाहित भयौं भने हामीहरूको छोराछोरी होलान् र तिनीहरूको पनि छोराछोरी हुन जालान् र हामीचाहिँ नातिनातिनाहरू खेलाएर रमाइलो गर्नेतिर लागिरहन सक्छौं।

**हामीहरू केवल वृध्दाअवस्थाको निम्तिमात्र होइन जीवनको निम्ति नै तयार हुनुपर्छ भनेर भजन ७१ले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोसः "१ हे परमप्रभु! रक्षाको निम्ति म तपाईंको शरण परेको छु, मेरो हार कहिल्यै हुन नदिनुहोस्! २ तपाईं धर्मी हुनुहुन्छ, यसकारण मेरो सहायता र रक्षा गर्नुहोस्, मेरो बिन्ती सुन्नुहोस् र मलाई बचाउनुहोस्!**

**३ मेरो रक्षाको लागि बलियो गढी र दरिलो आश्रय बन्नुहोस्, तपाईं मेरो शरणस्थान र ढाल हुनुहुन्छ। ४ मेरा परमेश्वर! दुष्ट मानिसहरूदेखि मेरो**

उद्धार गर्नुहोस्, निष्ठुरी र दुष्टको शक्तिबाट मलाई रक्षा गर्नुहोस्। ५ सार्वभौम
परमप्रभु! म तपाईंमा आशा राख्दछु, मैले युवा अवस्थामै तपाईंमा भरोसा राखेको
छु। ६ म जीवनभरि तपाईंमा भर परेको छु, म जन्मेको दिनदेखि तपाईंले मेरो
रक्षा गर्नुभएको छ, म सधैं तपाईंको प्रशंसा गर्नेछु। ७ मेरो जीवन धेरै जनाको
निम्ति नमुना बनेको छ किनभने तपाईं मेरो प्रतापी रक्षक हुनुभएको छ। ८
दिनभरि म तपाईंको प्रशंसा गर्दछु र तपाईंको महिमाबारे उच्च सोरले भन्छु। ९
अब बुढेस-कालमा मलाई इन्कार नगर्नुहोस्, म कमजोर भएको छु, मलाई
नत्यागनुहोस्। १० मेरा शत्रुहरूले मलाई मार्न खोज्छन्, तिनीहरूले मेरो विरुद्धमा
कुरा गर्छन् र जाल रच्छन्। ११ तिनीहरू भन्छन्, "परमेश्वरले त्यसलाई
त्यागनुभएको छ, हामी त्यसलाई खेदेर पक्रौं, त्यसलाई बचाउने कोही छैन।" १२
हे परमेश्वर! यति टाढा नहुनुहोस्! हे मेरा परमेश्वर! मलाई मद्दत गर्न चाँडै
आउनुहोस्। १३ ममाथि आक्रमण गर्नेहरूको हार होस् र तिनीहरू मारिऊन्।
मलाई चोट लाउन खोज्नेहरू लाज र बदनाममा परून्। १४ म सधैं तपाईंमा
आशा राख्नेछु, म तपाईंको झन् धेरै प्रशंसा गर्नेछु। १५ म तपाईंको भलाइबारे
भन्नेछु, दिनभरि म तपाईंको मुक्तिको विषयमा कुरा गर्नेछु, जुन मुक्तिबारे मैले
पूरा बुझ्न पनि सकेको छैनँ। १६ हे सार्वभौम परमप्रभु, म तपाईंको सामर्थ्यको
प्रशंसा गर्नेछु, तपाईंको भलाइबारे मात्र अरूलाई उच्च स्वरले भन्नेछु। १७ म
युवा हुँदादेखि नै तपाईंले मलाई सिकाउनुभएको छ, तपाईंका उदेकका कामबारे
म अझै बयान गर्दछु। १८ म अब बुढो भएको छु र मेरो केश फुलिसकेको
छ, मलाई नत्यागनुहोस्, हे परमेश्वर! पुस्ता-पुस्तालाई तपाईंको शक्ति र
सामर्थ्यबारे उच्च स्वरले बताउँदा तपाईं मेरो साथ हुनुहोस्। १९ हे परमेश्वर,
तपाईंको धार्मिकता आकाशसम्म पुग्दछ, तपाईंले महान् कार्यहरू गर्नुभएको छ।
तपाईंजस्तो अरू कुनै छैन। २० तपाईंले मकहाँ दुःख-कष्ट पठाउनुभयो, तर
मेरो बल फेरि नयाँ गरी फर्काइदिनुहुनेछ, मलाई मृत्युदेखि जोगाइराख्नुहुनेछ।
२१ तपाईंले मलाई अझ महान् बनाउनुहुनेछ र सान्त्वना फेरि दिनुहुनेछ।

२२ हे मेरा परमेश्वर, तपाईंको विश्वासनीयताको निम्ति म वीणा
बजाएर तपाईंको प्रशंसा गर्नेछु। हे इस्राएलका परमपवित्र, सारङ्गी बजाएर म
तपाईंको प्रशंसा गर्नेछु। २३ तपाईंलाई प्रशंसा गर्दा म आनन्दले स्वर उचाल्नेछु,
मेरो सारा प्राणले म गाउनेछु किनभने तपाईंले मलाई बचाउनुभएको छ। २४
म दिनभरि तपाईंको धार्मिकताको बारेमा भन्नेछु किनभने मलाई हानि गर्न
खोज्नेहरू हारेका छन् र बदनाम भएका छन्।" भजन ७१

भजन ७१ बृध्दमानिसको भजन हो जसले आफ्नो जीवनमा आइपर्ने सबै चुनौतिहरूको सामना गरेरका थिए। उनी खुशी छन् किनभने उनले आफ्नो आस्था र भरोसा परमेश्वरमा राखेका थिए। जब हामी युवाअवस्थामा नै हुन्छौं तब त्यसबेलादेखि नै परमेश्वरमा भरोसा राखेर हिँड्यौं भने बृद्धाअवस्थामा पनि अर्थमूलक भएर चल्न सक्छौं। जब आफ्नो जीवनको अन्तिम क्षणतिर ढल्किन्दैं थिए तब भजन ७१को लेखकले उनले सिकेका तिनै महत्त्वपूर्ण पाठहरू पाठकहरू समक्ष राख्दछन्ः

(१) युवाअवस्थामा नै परमेश्वरको आत्मज्ञानमा बढ्दै जानु उचित छ। त्यो पनि परम्पराको नाउँमा औपचारिक प्रक्रिया पूरा गर्न होइन तर परमेश्वरको बारेमा गहिरो र व्यक्तिगत ज्ञान हुनुपर्छ (भजन ७१:१७), परमेश्वर उनको बलियो सुरक्षित स्थान (भजन ७१:१,७) र उद्धारकर्ता हुनुहुन्थ्यो (भजन ७१:२)। परमेश्वर चट्टान र किल्ला हुनुहुन्छ (भजन ७१:३), तर याद गर्नुहोस् चट्टान वा पत्थर परमेश्वर होइन। परमेश्वर आशा, विश्वासिलो तथा हृदयका भारहरू उहाँमा राख्न सकिने हुनुहुन्छ (भजन ७१:५)। लेखकले परमेश्वरका महान् कामहरूको बारेमा वर्णन गर्दछन् (भजन ७१:१६,१७), र उहाँको बल र शक्ति (भजन ७१:१८), र सबै ठूला ठूला कामहरू उहाँले गर्नुभएको थियो (भजन ७१:१९)। आखिरमा उनी परमेश्वरसँग उच्च स्वरले चिच्याउँछन् “हे परमेश्वर तपाईं जस्तो अरु को छ र?" (भजन ७१:१९ रूपान्तरित)। जब परमेश्वरको वचन पढेर उहाँसँग दिनदिनै बातचित गर्दछौं र उहाँले हाम्रो जीवनमा के गर्नुभयो सो सोच्दछौं तब उहाँसँग हामीहरूको अनुभव गहिरिँदै जान्छ।

(२) असल बानी व्यहोरा बसाल्नु र स्वस्थ जीवनशैली अपनाउनु। असल पौष्टिक आहार, कसरत, पानी, घाम, बिश्राम आदिले हामीहरूको जीवन रमाइलो, असल हुन्छ र लामो आयु पनि भएर बाँच्न सकिन्छ। परमेश्वरमाथि भरोसा राख्ने बानी (भजन ७१:३), उहाँको प्रशंसा र स्तुति गर्ने चलन (भजन ७१:६) र उहाँमाथि आशा राख्ने (भजन ७१:१४) स्वभावप्रति विशेष ध्यान दिनु जरुरी छ।

(३) परमेश्वरको कामप्रति मोहको बिकास बढाउनु। भजनका लेखकले बृद्धभएपछि अब अवकाश पाइयो भनेर चुपचाप बस्ने, केही नगरि अल्छे जीवन बिताउन खोजेको पाइन्दैन। (कतिले त चर्चको कामबाट अवकाश पाएपछि चर्चको प्रगतिमा पनि चासो दिन र संलग्न हुन अस्वीकार

गरिरहेको पाइन्छ-अनुवादकको धारणा)। अवकाश पाएपछि पनि परमेश्वरको स्तुति निरन्तररूपमा उनले गर्न चाहेका थिए (भजन ७१:८) र अरूलाई उहाँको बारेमा सुनाइरहन कहिल्यै नथाक्ने प्रतिवद्धता व्यक्त गरेका थिए (भजन ७१:१५-१८)।

**जसले बृध्द वा जेष्ठ नागरिकको उपाधी पाएकाछन् बुढापाका हुनुको फाइदा के पाइरहनुभएको छ? अहिले तपाईंलाई के थाहा छ जुन तपाईंलाई युवाअवस्थामा थाहा थिएन र अहिलेका युवापुस्तालाई तपाईंले सरसल्लाह दिएर तिनीहरूको जीवनलाई अर्थमूलक बनाउन सक्नुहुन्छ?**

## ५. मृत्युको निम्ति तयारी

यदि येशूको आगमनसम्म हामी जिउँदै रह्यौं भनेमात्र नत्र भने हामीहरूले हामीहरूको जीवनमा सबभन्दा ठूलो परिवर्तन त खप्नै पर्छः त्यो हो मृत्यु। जन्मनु, हुर्कनु, अध्ययनमा लाग्नु, विवाह गर्नु सबै जीवनमा परिवर्तन ल्याउने प्रक्रिया हो तर मानिसको जीवनमा सबभन्दा ठूलो परिवर्तन ल्याउने तत्वचाहिँ मृत्यु हो जसले परिवारका एकदम नजिकका सदस्यहरूलाई गहिरो असर पार्दछ।

**पावलले १ कोरन्थी १५:२४-२६मा मृत्यको बारेमा चर्चा गर्दछन्। त्यसले हामीलाई के सिकाउँदछ? हेर्नुहोस्: "२४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।"**

धेरै पल्ट मृत्यु अत्यन्त वियोग तरिका वा अपेक्षानै नगरिएको बेलामा अचानक आउँदछ। कतिजना पुरुष, स्त्री, र बालबालिकाहरूसमेत घाम अस्ताएपछि सुत्न जान्छु भनेर आँखा चिम्लन्छन् तर बिहान कहिल्यै नउठ्ने गरेर मृत्युको पासोमा परेका हुन्छन्। वा कतिजना बिहान उठ्दा वा घाम अस्ताउनुभन्दा अघि परिवारका कुनै न कुनै सदस्य मरिसकेको पाइएको हुन्छ।

मृत्युको निम्ति हामी कहिल्यै पनि तयार हुँदैनौं, न त आफ्नो होस् वा कुनै प्रियजनको होस्। यसलाई मध्येनजरमा राखेर हामीले परमेश्वरसँग विश्वासद्वारा गाँसिरहनु अति आवश्यक ठान्नुपर्दछ र साथै क्षणक्षणमा हामीहरूको प्रत्येक कदमलाई येशूको धार्मिकताले छोप्न दिनुपर्दछ। पावलले

भन्दछन् "२२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।"

फेरि अर्को कुरा भन्नुपर्दा, यदि तपाईं केवल केही दिन वा महिनामात्र बाँच्नुहुन्छ भनेर थाहा पाउनुभयो भने तपाईं के गर्नुहुन्छ? प्रायजसो यस जीवनको क्रुर तत्व मृत्यु कहिले आउँछ हामी कसैलाई थाहा छैन तर कतिपय समयमा हामी जीवनको अन्तमा आइपुगिसकेकाछौं भन्ने भान त हुन्छ। जब हामीले नचाहेको समयमा र नचाहेको मृत्यु नजिकै छ भनेर महसुस गर्न सक्यौं त्यसकोलागि हामीले आफै र आफ्ना परिवारलाई तयार पार्न कस्तो निर्णायक कदम चाल्नु आवश्यक छ?

**राजा दाउदलाई आफू मर्ने बेला आयो भनेर थाहा पाएको बेला आफ्नो छोरो सोलोमनलाई केही अन्तिम वचनहरू बोलेका थिए। हामी आफ्नो व्यक्तिगत होस् वा परिवारका सदस्यहरूको निम्ति होस्, दाउदले बोलेका अन्तिम वचनहरूबाट हामी के सिक्न सक्दछौं? हेर्नुहोस् १ राजा २:१-४ "१ जब दाऊदको मर्ने बेला नजिक आयो, तब तिनले आफ्ना छोरा सोलोमनलाई यो आखिरी जिम्मा दिए। २ "संसारको रीतझैं म पनि मर्दैछु," तिनले भने। "यसैले तिमीचाहिँ साहसी होऊ, र आफूलाई मर्दझैं देखाऊ, ३ र परमप्रभु आफ्ना परमेश्वरतिरको आफ्नो कर्तव्य पूरा गर। उहाँका मार्गमा हिँड़। मोशाको व्यवस्थामा लेखेका उहाँका विधिहरू र आज्ञाहरू, उहाँका नियमहरू र आदेशहरू पालन गर, ताकि तिमीले जे-जे गर्छौ र तिमी जहाँकहीं जान्छौ, त्यसमा तिम्रो उन्नति होस्, ४ र परमप्रभुले यसो भनेर मलाई गर्नुभएको प्रतिज्ञा पूरा होस्: 'यदि तिम्रा सन्तानले आफू कसरी रहनुपर्छ भनी ध्यान गरे र यदि तिनीहरू आफ्ना पूरा हृदय र प्राणले मेरो दृष्टिमा विश्वासपूर्वक हिँड़े भने, इस्राएलको सिंहासनमा विराजमान हुनलाई तिमीलाई उत्तराधिकारीको कहिल्यै अभाव हुनेछैन'।"**

झट्ट हेर्दा दाउदको वचन कस्तो शानदार देखिन्छ! दाउद आफै जो युराहकी श्रीमतीलाई पेट बोकाएर आफ्नो परस्त्रीगमन, कुकृत्य, पापबाट जोगिन वा चोखो हुन् युराहलाई नै हत्या गरेका थिए (२ शमूएल ११मा यसको वृतान्त पाइन्छ)। त्यस समय आफै परमेश्वरको मार्गमा हिँड्न चुकेको राजा अब आफ्नो छोरोलाई परमेश्वरको बाटोमा हिंड भनेर सल्लाह दिन्छन्। तर

आफ्नो पापले गर्दा भोग्नुपरेको नतिजा र दुःखकष्टलाई मध्येनजरमा नै राखेर आफ्नो छोरोलाई परमेश्वरको बाटोमा हिँड्न दिएको सल्लाह अत्यन्तै समसायिक र प्रभावकारी हुन गएको थियो। आफ्नो मुर्ख्याइले परमेश्वर र उनको बीचमा र परिवारको बीचमा ल्याएका अनेकौं पीडा, दुःखकष्टको महसुस गर्दै आफ्नो छोरोलाई आफूले पहिला हिँडेको कुबाटोमा नहिँड्न आफ्नो छोरोलाई दाउदले चेतावनी दिएका थिए। आफ्नो पापले गर्दा दाउदले ठूलो मोल चुकाउनु परेको थियो। आफूले भोग्नु परेको पापको परिणामले ल्याएका बेदनाहरू सोलोमनले भोग्नु नपरोस् भनेर त्यसबाट बचाउन दाउदले आशा गरेका थिए।

## उपसंहारः

**थप जानकारीः** यदि हामीले मरुभूमिमा यात्रा गरिरहेका पौराणिक इस्राएलको इतिहास पढ्यौं भने तिनीहरूले भूलै भूल गरेका वा परमेश्वरको वचनमा अडिग नभएर भ्रष्ट चालमा चल्ने मानिसहरू थिए भनेर थाहा पाउँछौं। इजिप्टबाट निस्केर मरुभूमिमा यात्रा गर्दा तिनीहरूले अनेकौं चुनौतिहरूको सामना गरेका थिए। तर तिनीहरूलाई सहयोग गर्न परमेश्वरको प्रत्यक्ष संलग्न अचम्म तरिकाले देखाइएको थियो। उहाँको शक्ति र प्रेम ती इस्राएलीहरूले अनुभव गरेका थिए। तैपनि कतिपय समयमा तिनीहरू परमेश्वरको चाहना अनुसार चल्न असफल भएका थिए। अझ इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा पस्नुभन्दा अघि तिनीहरूले सामना गर्नुपर्ने चुनौति र भारी परिवर्तनप्रति सजग गराएर मोशाले यी वचनहरू तिनीहरूलाई बोलेर सम्झाएका थिएः "१ अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ। ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पितापुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ। २ मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ़ नगर्नू, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरू पालन गर्नू। ३ बाल-पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरूले आफ्नै आँखाले देखेका छौ। पोरको बाल देवतापछि लाग्ने सबै मानिसहरूलाई परमप्रभु परमेश्वरले तिमीहरूका मध्येबाट नाश गर्नुभयो। ४ तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ। ५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन

गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले
ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका
बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले
भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार
रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति
नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ?
८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको
अरू कुनचाहिँ यति महान् जाति छ? ९ तर होशियार बस र आफ्नो मनलाई
सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको
सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र
नाति-नातिनाहरूलाई सिकाओ। १० होरेबमा तिमीहरू परमप्रभु तिमीहरूका
परमेश्वरको सामुन्ने उभिएको दिनको सम्झना गर, जब उहाँले मलाई भन्नुभयो,
"मेरा वचन सुन्नलाई मानिसहरूलाई मेरो सामु भेला गर, र त्यस देशमा
बाँचुञ्जेल तिनीहरूले मेरो डर मान्न सिकून् अनि ती वचन आफ्ना
छोराछोरीहरूलाई पनि सिकाऊन्।" ११ पर्वतमा आगो दन्केर आकाशसम्मै
पुग्यो, र बाक्लो बादल आएर त्यहाँ घोर अन्धकार भएको बेलामा तिमीहरू
आएर पर्वतको फेदीमा उभियौ। १२ तब आगोको माझदेखि परमप्रभु
तिमीहरूसँग बोल्नुभयो। त्यस बेला तिमीहरूले शब्दको आवाज मात्र सुन्यौ, तर
कुनै आकृति देखेनौ। तिमीहरूले एउटा सोर मात्र सुन्यौ। १३ उहाँले आफ्नो
करार, आफ्ना दश आज्ञा तिमीहरूले पालन गर्न भनी दिनुभयो, र उहाँले दुई
वटा शिला-पाटीमा ती लेखिदिनुभयो। १४ यर्दन पार गरेर तिमीहरूले अधिकार
गर्ने देशमा तिमीहरूले पालन गर भन्ने हेतुले तिमीहरूलाई विधिविधानहरू
सिकाउने आज्ञा परमप्रभुले त्यस बेला मलाई दिनुभयो। १५ होरेबमा अग्निको
माझदेखि परमप्रभु बोल्नुभएको दिन तिमीहरूले कुनै आकृति देखेनौ। १६
सावधान बस! नत्रता तिमीहरूले आफ्ना निम्ति एउटा मूर्ति बनाउनेछौ, र कुनै
नर वा नारीको प्रतिमा, १७ अथवा पृथ्वीको कुनै पशुको वा आकाशमा उड्ने
कुनै पन्क्षी को, १८ जमिनमाथि घस्रने कुनै जीवातको वा तल पानीमा हुने कुनै
माछाको प्रतिमा बनाएर तिमीहरू भ्रष्ट हुनेछौ। १९ आकाशमा परमप्रभु
तिमीहरूका परमेश्वरले सारा मानिस-जातिलाई दिनुभएको घाम, जून, तारा–सारा
ग्रह-नक्षत्र देख्दा तीप्रति आकृष्ट भएर तिमीहरूले तिनीहरूको पूजा र सेवा
नगर। २० तर तिमीहरूलाई चाहिँ परमप्रभुले लिएर फलामको भट्टीदेखि जस्तै

मिश्रदेखि, तिमीहरू अहिले भएझैं आफ्नो निज उत्तराधिकारी बनाउन निकाली
ल्याउनुभयो। २१ तिमीहरूले गर्दा परमप्रभु मसित रिसाउनुभयो, अनि मलाई
यर्दन पारि जान नपाउने र परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई
अधिकार दिनुहुने त्यस असल देशमा पस्न नपाउने भनी कठोर प्रण गर्नुभयो।
२२ मलाई यसै देशमा मर्नुपर्नेछ। म यर्दन पारि जान पाउनेछैनँ, तर तिमीहरू
पारि गएर त्यो असल देश अधिकार गर्न आँटेका छौ। २३ सावधान रहो!
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गर्नुभएको करार नभुल, र उहाँले
निषेध गर्नुभएको कुनै कुराको प्रतिमा तिमीहरूले नबनाओ। २४ किनकि
परमप्रभु तिमीहरूका परमेश्वर भस्म पार्ने आगो र डाह गर्नुहुने परमेश्वर
हुनुहुन्छ। २५ तिमीहरूले छोराछोरी र नातिनातिना जन्माइसकेर त्यही देशमा
धेरै वर्ष बसिसकेपछि पनि भ्रष्ट भएर कुनै वस्तुको आकृतिअनुसार प्रतिमा
खोपेर परमप्रभु तिमीहरूका परमेश्वरको दृष्टिमा कुकर्म गरेर उहाँलाई क्रोधित
तुल्यायौ भने, २६ म आजको दिन स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्ध साक्षी
राख्तछु, कि जुन देशलाई अधिकार गर्न तिमीहरू यर्दन पारि जान लागेका छौ
त्यस देशदेखि तिमीहरू चाँड़ै सम्पूर्ण नष्ट हुनेछौ, र धेरै दिन बस्न पाउनेछैनौ
तर बिलकुलै नष्ट हुनेछौ। २७ परमप्रभुले तिमीहरूलाई जाति-जातिका माझमा
तितरबितर पार्नुहुनेछ, र उहाँले तिमीहरूलाई धपाउनुभएको देशमा
अन्यजातिहरूका माझमा तिमीहरू अल्पसंख्यक हुनेछौ। २८ त्यहाँ तिमीहरूले
मानिसहरूका हातले बनाएका, देख्न नसक्ने, सुन्न नसक्ने, खान नसक्ने, सुँघ्न
नसक्ने काठ र ढुङ्गाका देवताहरूको पूजा गर्नेछौ। २९ तर यदि त्यहाँ पनि
परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले खोज्यौ भने र तिमीहरूका सारा
हृदय र प्राणले खोज्यौ भने तिमीहरूले उहाँलाई भेट्टाउनेछौ। ३० पछिल्ला
दिनहरूमा जब तिमीहरू सङ्कष्टमा हुनेछौ र मैले भनेका सबै कुरा तिमीहरूमाथि
आइपर्नेछन्, तब तिमीहरू परमप्रभु आफ्ना परमेश्वरतिर फर्कनेछौ, र उहाँको
वचन पालन गर्नेछौ। ३१ उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन, नाश गर्नुहुनेछैन।
तिमीहरूका पिता-पुर्खासित उहाँले बाँध्नुभएको शपथद्वारा पक्का गर्नुभएको
करार उहाँले भुल्नुहुनेछैन, किनकि परमप्रभु तिमीहरूका परमेश्वर कृपालु
हुनुहुन्छ। ३२ यस्तो महान् घटना अघि कहिल्यै घटेको वा सुनिएको थियो?
पृथ्वीमा परमेश्वरले मान्छे सृष्टि गर्नुभएको आदिकालको विषयमा सोध-खोज
गर। आकाशको वल्लो छेउदेखि पल्लो छेउसम्म पनि यही कुराको निधो
गर। ३३ के कुनै अरू जातिले तिमीहरूले झैं आगोबाट बोल्नुहुने परमेश्वरको

वाणी सुनेको छ र जीवित रहेको छ? ३४ परमप्रभुले मिश्रमा तिमीहरूका आँखाका अगि जाँच गरेर उदेकका चिन्हहरू र आश्चर्यकर्महरू देखाई युद्ध लड़ेर, आफ्नै बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर, भयानक आतङ्कद्वारा अर्को जातिबाट आफ्नो निम्ति एक जाति निर्माण गर्नुभएझैं अर्को कुन ईश्वरले यस्तै गर्न प्रयत्न गरेको छ? ३५ परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक अरू कोही छैन भनी बुझाउनलाई ती तिमीहरूलाई देखाइएका हुन्। ३६ तिमीहरूलाई अनुशासनमा राख्न उहाँले आकाशदेखि आफ्नो सोर सुनाउनुभयो, र पृथ्वीमा आफ्नो ठूलो अग्नि तिमीहरूलाई देखाउनुभयो। तिमीहरूले अग्निबाट उहाँका शब्दहरू सुन्यौ। ३७ उहाँले तिमीहरूका पिता-पुर्खालाई प्रेम गर्नुभएकोले र तिनीहरूपछि तिनीहरूका वंशलाई चुन्नुभएकोले, उहाँले आफ्नो उपस्थितिद्वारा र आफ्नो महाशक्तिद्वारा तिमीहरूलाई मिश्रदेखि निकाल्नुभयो। ३८ तिमीहरूले आफूभन्दा महान् र शक्तिशाली जातिहरूको देशमा प्रवेश गरी अधिकार गर भनेर आज उहाँले उनीहरूलाई धपाइदिनुभएको छ। ३९ परमप्रभु नै माथि स्वर्गमा र तल पृथ्वीमाथि परमेश्वर हुनुहुन्छ र उहाँ छोड़ी अरू कोही छैन भनेर तिमीहरूले आज थाहा गर र हृदयमा राख। ४० आज मैले तिमीहरूलाई दिन लागेका उहाँका विधि र आज्ञाहरू पालन गर, र तिमीहरू र तिमीहरूका पछिका वंशको भलो होस्, र परमप्रभु तिमीहरूका परमेश्वरले अनन्त कालसम्म दिनुभएको देशमा तिमीहरूको आयु लामो होस्।" (व्यवस्था ४:१-४०)।

परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो सो नबिर्सनु हाम्रा लागि जीवन मरणको सवाल छ भने पनि हुन्छ। हामीहरूको प्रत्येक पाइलामा परमेश्वरले गर्नुभएको काम सम्झिरहनु अत्यन्त जरुरी छ। हामीहरूलाई हामीहरूको जीवनमा परमेश्वरले गर्नुभएको कामको बारेमा अरूलाई सिकाउँदा वा हामीले पछि आउने पिँढीलाई होसियारी गराउँदा हामी पनि उहाँको उपस्थितिप्रति सजग भइरहन्छौं। मोशाले सिकाएका वचनहरूको केन्द्रविन्दु परिवार थियो भन्ने कुरा पनि हेर्नुहोस्। परिवारमा जन्मिने भावी सन्तानहरूलाई पनि ती वचनहरू सिकाउन मोशाले इस्राएलीहरूलाई आग्रह गर्दछन्। पेओरमा के भयो त्यस्तो खालको पापले परिवारलाई ध्वस्त पार्दछ। "कामवासनाले गर्दा नैतिकरूपमा भ्रष्ट भएर अपराध गर्न पुगेका इस्राएलीहरूप्रति परमेश्वर अत्यन्त रिसाउनुभएको थियो। जसले गर्दा उहाँले तिनीहरूप्रति कठोर न्याय गर्नुभएको थियो। स्त्री र पुरुषहरूको अस्वाभाविक भ्रष्ट चालचलनले एक आपसलाई धरापमा पार्ने चलन

बालपोरमा अन्त भएको थिएन।"-एलेन जी ह्वाइट, एडभेन्टिस्ट होम, पृ. ३२६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) आफ्नो जीवनको परिधिमा सामना गरेका अनेकौं कदमहरूको बारेमा सोच्नुहोस्, जस्तै विवाह, आमाबाबु बनेको, बृद्ध अवस्था पुगेको वा अरू कुनै। ती परिवर्तनहरूले तपाईंको जीवन र परिवारमा कसरी असर पारेको छ? तिनीहरूबाट तपाईंले के सिक्नुभयो जसले गर्दा त्यही परिस्थिति भोग्नेहरूलाई तपाईंले सरसल्लाह दिन सक्नुहुन्छ?

आ) राजा दाउद आफ्नै इच्छामा बेथशिबासँग अनैतिक सम्बन्ध राखि पापमा फसेका थिए। त्यसले गर्दा राजा दाउदको राज्यकालभरि नै अनेकौं बिपत्तिहरू आएका थिए। विशेष गरेर त्यसले दाउदको राज घरानामा नै अत्यन्तै नराम्रोसँग प्रभाव पारेको थियो। यद्यपि, राजा दाउदलाई परमेश्वरले छोड्नुभएको थिएन। यस परिप्रेक्ष्यमा परमेश्वरको अनुग्रहको वास्तविक क्रियाकलापलाई तपाईंले कसरी हेर्नुहुन्छ?

## कथा ३

## योग र ध्यानमा नपाएको शान्ति

## गुस्टाभो जेभिएर काबालेरो, ४०,पाराग्वे

एक जना अध्यात्मिक गुरुले गुस्ताभो र उसको साथीलाई एउटा कोठामा लग्यो। त्यो कोठामा मरेका मानिसहरूसँग कुरा गर्न त्यस गुरुले तिनीहरूलाई त्यहाँ लगेको थियो। यो कोठा पाराग्वेको राजधानी असुनश्यनमा थियो।

त्यस अध्यात्मिक गुरुले तिनीहरूलाई भन्यो, "तिमीहरूको केही प्रश्न छ भने मरेका आत्माहरूले तिमीहरूलाई जवाफ दिनेछन्।"

गुस्ताभोसँग धेरै प्रश्नहरू थिए र तिनीहरूको जवाफ उसलाई चाहिएको थियो। उसले दिनको दुई पटक संस्कृत मन्त्र फुकेर ध्यान गर्न थाल्यो र रातभरि सुत्ने कोशिश गऱ्यो। विहान एक घन्टा र बेलुकी एक घन्टा उसले ध्यान गरेर समय बितायो। उसमा धेरै तनाव र उदासिनता थियो। ती तनाव र उदासिनता मेटाउन ध्यान गर्ने कदम उसले चालेको थियो। त्यस क्रियाकलाप केही समयसम्म त रमाइलो नै भयो र मनमा शान्ति भएको जस्तो भएको थियो। तर ध्यान पछि उसमा भएको तनाव झन सयौं गुणा ज्यादा बढेर पो आयो।

मरेका मानिस भनाउँदाहरूसँग कुराकानी गर्न लाग्दा उसलाई धेरै धक्का भएको महसुस गऱ्यो। उसले अनेकौं अचाक्लि र डरालाग्दो आवाजहरू सुन्यो। त्यहाँ चिच्याएको आवाजहरू थिए। मानिसहरू हिंडिरहेका र गायब भएको उसले देख्यो। यिनीहरू त शैतानका दूतहरू वा दुष्टआत्मा हुन भनेर उसले सोच्यो। तिनीहरूदेखि गुस्ताभो तर्सिन थाल्यो।

गुस्ताभो डराएको देखेर त्यो गुरुले भन्यो, "नडराऊ। तिनीहरूले तिमीलाई केही गर्दैनन्। तिनीहरूले तिम्रो दिमाग र मनलाईमात्र जाँच्नेछन्।"

त्यो अनुभव पछि गुस्ताभोले आफ्नो जीवनलाई पछाडि फर्केर हेऱ्यो। उसका बाबुआमा आइतबार चर्चमा जान्थे। छिमेकीको अनुरोधपछि उसलाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा १२को उमेरमा भर्ना गरिएको थियो। त्यस स्कूलमा हुने बाइबल कक्षाहरूमा उसको चासो थिएन। जसोतसो उसले त्यस स्कूलमा बाऱ्ह कक्षा सिध्यायो। त्यस स्कूलबाट निस्केको एक वर्षपछि

बाहिरका साथीहरूले उसलाई नराम्रो बाटोमा हिँडाए। उसले जाँडरक्सी र लागुपदार्थहरू खान थाल्यो।

शनिबार र आइतबार अर्थात् बिदामा उसले गाँजा, जाँडरक्सी र कोकेन जस्ता लागुपदार्थ सेवन गर्न थाल्यो। पछि उसमा झन् तनाव फर्केर आयो। उसलाई टाउको दुख्ने र वाकवाकीले सताउन थाल्यो। ऊ मनोवैज्ञानिककहाँ सहायताको निम्ति गयो। मनौवैज्ञानिकले उसलाई भारतको एक जना धर्मगुरुकहाँ गएर ध्यान गर्न सिक भनेर सल्लाह दिइन्।

गुस्ताभोको एक देवताको मन्दिरमा एक जना साधुसँग भेट भयो। उक्त धर्मगुरुले उसलाई ध्यान गर्न र योग गर्न सिकाए। त्यसबेला त्यस धर्मगुरुले संस्कृतबाट नबुझ्ने शब्दहरू बारम्बार उच्चारण गरेर ध्यान दिन लगाए। त्यसले उसलाई आराम दिन सक्नुपर्थ्यो। उसले
उसको दिमागलाई खालि पारेर शान्ति हुने ठाउँमा मन लाग्न दिएर शरीरलाई हलुको पार्नुपर्थ्यो।

केही समय त उसलाई राम्रै भएको जस्तो लागेको थियो तर फेरि अनेकौं तर्साउने आवाजहरू उसले सुन्न थाल्यो र ध्यानमग्न भएको बेलामा अनेकौं चर्तिकलाहरू उसले देख्न थाल्यो। ध्यानमग्नभएको बेलामा ऊ अचेत हुन्थ्यो र उसको चेतनालाई नै लठ्ठ पारिदिएको हुन्थ्यो।

"म त झन बहुला भएको जस्तो पो हुन थालें। मलाई झन कसैको सहायताको निम्ति आवश्यकता भएको महसुस गरें" गुस्ताभोले भन्यो।

उसले अध्यात्मिक गुरुसँग सहयोग माग्यो तर मरेका ठानिएका मानिसहरूलाई भेट्न दिएर उसलाई झन् तर्साउन थालेको थियो। उसलाई के गरुँ के गरुँ भएको बेलामा उसलाई एडभेन्टिस्ट स्कूलमा बाइबल पढेको याद आयो। उसले एडभेन्टिस्ट पास्टर र एडभेन्टिस्ट मानसिक स्वस्थकर्मीसँग सहायता माग्यो। तिनीहरूले उसँग प्रार्थना गरे र ध्यान, योग, र गाँजा जस्तो लागु पदार्थहरू खान छोड्न सल्लाह दिए। अनि गुस्ताभो प्रत्येक साबथ चर्च जान थाल्यो।

ध्यान र योग त रोक्न उसलाई सजिलो भयो। तर शनिबार र आइतबार लागुपदार्थ छोड्न उसलाई धेरै गाऱ्हो भएको थियो। गुस्ताभोले आफ्नो शरीरसँग संघर्ष गऱ्यो। उसले प्रार्थना गऱ्यो र बाइबल पढेर त्यसबाट आड लिन थाल्यो। एक रात सुत्न नसकेको बेलामा उसले यशैया २६:३ दावी गऱ्यो। त्यसमा भनिएको छ "तपाईंले उसलाई सिद्ध शान्तमा राख्नुहुनेछ

जसको दिमाग तपाईंमा राख्दछ किनभने उसले तपाईंमाथि भरोसा राख्दछ" (रूपान्तरित)। उसले फिलिप्पी ४:१३को प्रतिज्ञालाई पनि दावी गऱ्यो। त्यसमा लेखिएको छ "मलाई बल दिनुहुने ख्रीष्टद्वारा म सबै थोक गर्न सक्छु।

लागु पदार्थ खान छोडेपछि त्यसको लतमा फेरि सकसक लाग्न थाल्यो। उसका पुराना साथीहरूले तिनीहरूसँग घुलमिल गर्न आग्रह गरे। तर उसले यर्मिया २०:११ दावी गरेर तिनीहरूसँग नलाग्ने प्रयास गऱ्यो। त्यसमा लेखिएको छ " तर परमप्रभु एक शक्तिशाली योद्धाझैं मसित हुनुहुन्छ, यसैले मलाई सताउनेहरू ठेस खाएर लोट्नेछन्। तिनीहरू ममाथि विजयी हुनेछैनन्। तिनीहरू सफल हुनेछैनन्, र तिनीहरू साह्रै लाजमा पर्नेछन्। तिनीहरूको अनादर कहिल्यै बिर्सइनेछैन।"

गुस्ताभोले आफ्नो हृदय येशूलाई दियो र ३४ वर्षको उमेरमा उसले बप्तिस्मा लियो। " म मेरो पीडालाई निको पार्ने कसैको खोजिमा थिएँ। कोही मानिस छ कि भनेर मानिसको पछि पछि लागें। चर्चमा म परमेश्वरको छोरो हुँ भनेर मैले ज्ञान पाएँ। उहाँले मेरो जीवनलाई स्वतन्त्र पार्नुभयो।"

बप्तिस्मा पछि इसाई ध्यानको बारेमा भिडियो हेऱ्यो र त्यस अनुसार चल्ने उसले निर्णय गऱ्यो। त्यसमा पहिले उसले योग र ध्यान गर्दा सिके जस्तो ध्यान गर्ने तरिका लाग्यो। संस्कृतका लवजहरू दोहोऱ्याउनुको सट्टा बाइबलमा भएका वचनहरू दोहोऱ्यारहनुपर्दथ्यो।त्यसको नतिजाल उसलाई झन धक्का भयो।

"मेरो दिमागलाई मैले नियन्त्रण गर्न सकिंन र पहिलाको जस्तै मेरो दिमाग खाली भएको जस्तो लाग्यो। मेरो शरीरभित्र ताकत आएको जस्तो लाग्यो र धेरै आवाजहरूले मलाई के के गर्ने भनेर भन्न थाल्यो" उसले भन्यो। एउटा आवाजले भन्यो "अरूलाई पनि ध्यान गर्न भन।" अर्को आवाजले भन्यो "मन्दिरलाई पैसा देऊ।" तेस्रो आवाजले भन्यो "रिकार्डोको नाउँमा ध्यान गर। रिकार्डोलाई बल पाउन ध्यान गर।"रिकार्डो भन्ने को मानिस थियो उसलाई थाहा थिएन।

उसले ध्यान गर्दा गर्दा ऊ लट्ठ हुन थालेको थियो। ऊ कठ्याङ्ग्रिएको जस्तो भयो र चल्न पनि सकेन। जसो तसो त्यस स्थितिबाट ऊ निस्क्यो। त्यसपछि उसका धेरै साथीहरूले उसलाई भन्यो कि ती आवाजहरू उसका पुरानै आवाजहरू थिए जुन् उसले योग र ध्यानमा सिकेको थियो।

गुस्ताभोले त्यसरी ध्यान कहिल्यै नगर्ने निर्णय गऱ्यो। बरू बाइबल पढेर परमेश्वरको वचनमा ध्यान दिन थाल्यो तर पहिला योग र ध्यान गरेको जस्तो होइन। त्यो ठाउँ त खतरा ठाउँ रहेछ। परमेश्वरले त्यस खालको ध्यान गर्न अगुवाई गर्नुहुन्न।

योग जस्ता ध्यानहरू पनि मानिसहरूलाई परमेश्वरबाट छल्ने औजार भएको उसले निष्कर्ष निकाल्यो।

"जब योग गर्दा आफूलाई राम्रो भएको अनुभव हुन्छ तब कसैले पनि बाइबल पढ्ने आवश्यकता देख्दैनन् न त येशूलाई आफ्नो जीवनमा रोज्ने अवसर नै। आत्माहरूले तपाईंको शरीरमा काम गरिरहको तपाईंले ठान्नुहुन्छ र त्यति भए पुग्छ भनेर तपाईं सोच्नुहुन्छ" उसले भन्यो।

आज ४० वर्षको गुस्ताभो किताब बेचेर सुसमाचार सुनाउँछन् र आसुनश्यनमा मसाज गर्ने काम गर्छ। न्युभासायोनिया सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले संचालन गरेको सामुदायिक केन्द्रमा सक्रिय सहभागी भएको छ।

आफ्ना छिमेकीहरूलाई लागु पदार्थ र ध्यानले जीवनलाई अर्थमूलक बनाउन सहयोग गर्दैन भनेर उसले सुनाउँछन्।

"ध्यान गर्दा केही समय त रमाइलो हुन्छ तर पछि झन आफू रित्तो भएको महसुस हुन्छ। त्यसकारण जीवनको लागि एउटै समाधान छ त्यो हो येशू। जब तपाईं प्रार्थना गर्नुहुन्छ तब तपाईंलाई हलुको हुन्छ। त्यो नै साँच्चिकै शान्ति हो।" ढुक्क हुँदै गुस्ताभोले सुनाउँछ।

लेखकः *आन्द्र्यु मेकचेस्नी*